# गत साता सामान्य अंकले बढ्यो बजार

**अभियान संवाददाता**

काठमाडौं

लामो समयदेखि धितोपत्र दोस्रो बजारमा लगानीकर्ता पर्ख र हेरको अवस्थामा देखिन्छन् । पछिल्लो साता दोस्रो बजार मापक नेप्से परिसूचक ४ दशमलव ५१ अंकले बढेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ६८८ दशमलव ५५ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ६९३ दशमलव शून्य ६ विन्दुमा बन्द भएको हो । गत साता चार कारोबार दिन सञ्चालन भएको बजार दुई दिन घटेको हो भने दुई दिन बढेको हो । साताको पहिलो कारोबार दिन ८ दशमलव ५७ अंक घटेको बजार दोस्रो दिन ५ दशमलव २१ अंक घटेको हो । तेस्रो दिन शून्य दशमलव ८५ अंकले मात्र बढेर स्थिर बनेको बजार चौथो दिन भने १७ दशमलव ४४ अंकले बढेको हो ।

जेठ १५ गते सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ । यस अघि धितोपत्र कारोबारमा लाग्ने पूँजीगत लाभकर बढ्ने हल्लाले लगानीकर्ता आत्तिएका थिए । बजेटले पूँजीगत लाभकरलाई यथावत् राखेकाले लगानीकर्ता उत्साहित बनेको लगानीकर्ता छोटेलाल रौनियारले बताएका छन् । बजेटले जति कुरा उल्लेख गरेको छ जुन कुरा नयाँ नभएपनि बजारका लागि सकारात्मक रहेको रौनियारको बुझाइ छ । बजेटपछिको साता बजारमा लगानीकर्ता उत्साहित हुने अनुमान रौनियारले गरेका छन् ।

अघिल्लो साताको अन्तिम कारोबार दिन ४४ खर्ब ७३ अर्ब ७३ करोड ९२ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४४ खर्ब ८३ अर्ब ८० करोड ४१ लाख रुपैयाँ कायम भएको हो ।

गत साता कारोबार रकम भने घटेको छ । अघिल्लो साताको तुलनामा कुल कारोबार रकम करीब ३१ प्रतिशत र कारोबार कित्ता करीब २६ प्रतिशत घटेको छ । औसत कारोबार रकम भने १३ प्रतिशतभन्दा बढी र औसत कारोबार कित्ता ७ दशमलव ३५ प्रतिशत घटेको हो ।

नेप्सेका अनुसार अघिल्लो साता ४३ अर्ब ७० करोड रुपैयाँभन्दा बढीको ९ करोड ५४ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो । गत साता भने ३० अर्ब ३० करोड रुपैयाँभन्दा बढीको ७ करोड ७ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

औसतमा भने अघिल्लो साता ८ अर्ब ७४ करोड रुपैयाँभन्दा बढीको १ करोड ९० लाखभन्दा बढी कित्ता धितोपत्र औसतमा कारोबार भएकोमा गत साता ७ अर्ब ५७ करोड रुपैयाँभन्दा बढीको १ करोड ७६ लाखभन्दा बढी कित्ता धितोपत्र औसतमा कारोबार भएको हो ।

**गत साता बैंकिङ्ग समूहका लगानीकर्ताले सर्वाधिक कमाए**

गत साताको कारोबारमा बैंकिङ्ग समूहका लगानीकर्ताले सर्वाधिक कमाएका छन् । अघिल्लो साताको तुलनामा गत साता बैंकिङ्ग समूहको परिसूचक १ दशमलव ७९ प्रतिशत बढेको हो । गत साता म्युचुअल फण्डको परिसूचक सर्वाधिक २ दशमलव ७४ प्रतिशत घटेको छ ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,६९३.०६ | २,६८८.५५ | ४.५१ | ०.१७ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४६१.२० | ४५७.९३ | ३.२७ | ०.७१ |
| कारोबार रकम (रू. हजारमा) | ३०,३०८,४०८.७२ | ४३,७०१,५८८.९६ | -१३,३९३,१८०.२४ | -३०.६५ |
| कारोबार कित्ता | ७०,७२५,३३७ | ९५,४२४,३२८ | -२४,६९८,९९१ | -२५.८८ |
| औसत कारोबार रकम (रू. हजारमा) | ७,५७७,१०२.१८ | ८,७४०,३१७.७९ | -१,१६३,२१५.६१ | -१३.३१ |
| औसत कारोबार कित्ता | १७,६८१,३३४.२५ | १९,०८४,८६५.६० | -१,४०३,५३१.३५ | -७.३५ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,४८३,८०४.१८ | ४,४७३,७३९.२३ | १०,०६४.९५ | ०.२२ |

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| बैंकिङ्ग | १,४२०.२४ | १,३९५.२४ | १.७९ |
| उत्पादन तथा प्रशोधन | ७,२८६.२२ | ७,१६२.५५ | १.७३ |
| विकास बैंक | ५,५६९.९५ | ५,५०४.३६ | १.१९ |
| व्यापार | ४,३४५.३१ | ४,३०२.८६ | ०.९९ |
| जलविद्युत् | ३,४७१.०६ | ३,४५०.०६ | ०.६१ |
| लघुवित्त | ४,८३१.२३ | ४,८६१.४२ | -०.६२ |
| अन्य | २,३४२.८० | २,३७१.२६ | -१.२० |
| निर्जीवन बीमा | १२,४११.३२ | १२,५६८.३९ | -१.२५ |
| जीवन बीमा | १३,२०१.५६ | १३,३७९.८८ | -१.३३ |
| लगानी | ११०.८७ | ११२.४६ | -१.४१ |
| वित्त | २,३९७.१६ | २,४३४.५६ | -१.५४ |
| होटल तथा पर्यटन | ६,७८८.६२ | ६,९२३.४९ | -१.९५ |
| म्युचुअल फण्ड | १९.१४ | १९.६८ | -२.७४ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

# वैशाखमा घट्यो अडलट कारोबार

काठमाडौं (अस) । अडलट कारोबार पछिल्लो समय घटेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सार्वजनिक गरेको वैशाख महीनाको कारोबार तथ्यांकअनुसार चैतको तुलनामा वैशाखमा अडलट कारोबार रकम २४ दशमलव १५ प्रतिशत कम भएको हो ।

नेप्सेका अनुसार चैतमा ४६ करोड ७३ लाख रुपैयाँभन्दा बढीको १५ लाख ६४ हजारभन्दा बढी कित्ता धितोपत्र अडलटमा कारोबार भएकोमा वैशाखमा ३५ करोड ४५ लाख रुपैयाँभन्दा बढीको ८ लाख ९० हजारभन्दा बढी कित्ता धितोपत्र अडलटमा कारोबार भएको हो । अडलट कारोबार कित्ता भने वैशाखमा ४३ प्रतिशतभन्दा बढीले घटेको हो ।

नेपालको धितोपत्र बजारमा अडलट कारोबार खुला भए पनि सहज भने छैन । प्राविधिकरूपमा कारोबार गर्न कठिन रहेको अवस्थामा पछिल्लो समय अडलट कारोबार घट्दो क्रममा रहेको नेप्सेका एक उच्च अधिकारीले जानकारी दिएका छन् ।

अडलट कारोबारका लागि मार्केट डेप्थमा तथ्यांक सार्वजनिक नहुँदा कारोबारमा असहज भएको भनाइ ती अधिकारीको छ । मार्केट डेप्थमा अडलटको अर्डर तथ्यांक सार्वजनिक नहुँदा अन्दाजको भरमा अर्डर राख्दा विक्री नहुने र खरीद माग बमोजिम शेयर नआउने समस्या रहेको ती अधिकारीले जानकारी दिए । अडलट कारोबारको तथ्यांक नेप्सेको इन्डेक्ससँग नजोडिने अर्थात् वास्तविक कारोबारमा गणना नहुने भएकाले पनि मार्केट डेप्थ नदेखाइएको समेत ती अधिकारीको भनाइ छ ।

२०७९ वैशाखअघि शुक्रवार मात्र अडलट कारोबार हुने गरेको भएपनि आम लगानीकर्ताको सुविधालाई ध्यानमा राखी २०७९ वैशाखदेखि भने हरेक दिन अडलट कारोबार गर्न सकिने व्यवस्था नेप्सेले गरेको छ ।

कारोबारलाई सहज र व्यवस्थित बनाउनेतर्फ पनि नेप्सेले अगामी दिनमा काम गर्ने बताउँदै आएको छ । धितोपत्र दोस्रो बजारमा साधारण शेयर, ऋणपत्र, म्युचुअल फण्डका इकाई सूचीकृत छन् ।

धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा अडलट कारोबारसम्बन्धी व्यवस्थामा अंकित मूल्य १० रुपैयाँ भएमा १०० कित्ता र अंकित मूल्य १०० रुपैयाँ भएमा १० कित्ता कारोबार इकाई हुने व्यवस्था छ ।

त्यस्तै, धितोपत्र ऋणपत्र भएमा अंकित मूल्य १० रुपैयाँ भएको भए १०० कित्ता र संस्थागत ऋणपत्रको अंकित मूल्य १ हजार रुपैयाँ भएको भए १ कित्ता कारोबार इकाई हुनेछ । यस व्यवस्थालाई आधार मान्दा मूल्यका हिसाबमा धितोपत्रको अडलट कारोबार इकाई तय गरिएको छ । उल्लिखित कारोबार इकाई वा सोभन्दा बढी धितोपत्र भएका धितोपत्र धनीहरूले त्यस्तो धितोपत्रलाई अडलट बनाई कारोबार गर्न पाउने छैनन् ।

यो व्यवस्था कार्यान्वयनमा समस्या हुँदा अडलटमा भएका शेयरलाई कारोबार इकाई कायम गराउन थप शेयर खरीद गरी बिक्री गर्ने लगानीकर्ता बढेको नेप्सेको अनुमान छ । नेप्सेले आगामी दिनमा अडलट कारोबारलाई समेत सहज तरिकाले अघि बढाउने गरी काम गर्ने योजना बनाएको छ । यसका लागि नेप्सेमा गृहकार्य भइरहेको समेत जानकारी प्राप्त भएको छ ।

| मिति | कारोबार रकम रू. दशलाख | कारोबार कित्ता हजारमा |
|---|---|---|
| २०८२ वैशाख महीना | ३५४.५० | ८९०.४९ |
| २०८१ चैत महीना | ४६७.३६ | १,५६४.१२ |
| फरक प्रतिशत | -२४.१५ | -४३.०६ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज (नेप्से)

# एनएमबि फिफ्टीको नाफा १३ करोड ७२ लाख रुपैयाँ

काठमाडौं (अस) । एनएमबि म्युचुअल फण्डअन्तर्गत सञ्चालित एनएमबि फिफ्टीको नाफा वैशाखमा घटेको छ । चैत मसान्तसम्म १४ करोड ७१ लाख रुपैयाँभन्दा बढी नाफा गरेको योजनाले वैशाख मसान्तसम्म १३ करोड ७२ लाख रुपैयाँभन्दा बढी नाफा गरेको हो ।

वैशाखमा योजनाको आम्दानी घटेको र खर्च बढेको कारण नाफामा असर परेको हो । चैत मसान्तसम्म १६ करोड ८१ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको योजनाले वैशाख मसान्तसम्म १६ करोड ५ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको छ । खर्च भने चैत मसान्तसम्म २ करोड ९ लाख रुपैयाँभन्दा बढी भएकोमा वैशाख मसान्तसम्म २ करोड ३३ लाख रुपैयाँभन्दा बढी भएको छ ।

वैशाख मसान्तसम्म योजनाको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) ११ रुपैयाँ ३१ पैसा रहेको छ । चैतको तुलनामा योजनाको न्याभ घटेको छ । चैत मसान्तसम्म योजनाको न्याभ भने ११ रुपैयाँ ३९ पैसा रहेको थियो । धितोपत्र बजारमा लगानी गर्ने प्रमुख उद्देश्य सहित सञ्चालित यस योजनाले वैशाख मसान्तसम्म धितोपत्रमा गरेको लगानीको परल मूल्य भने १ अर्ब २५ करोड रुपैयाँभन्दा बढी छ । योजनाले धितोपत्रमा गरेको लगानीको बजार मूल्य भने १ अर्ब ३३ करोड रुपैयाँभन्दा बढी छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंक

NIFRA
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
समृद्ध नेपालको लागि

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड**
रजिर्ष्टर्ड ठेगाना : वडा नं.१०, बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ४७९०८१८, ४७९४००२
E-mail : info@nifrabank.com, Website: www.nifrabank.com

**को**

**७ वर्ष अवधि तथा वार्षिक ६ प्रतिशत ब्याजदर भएको "निफ्रा हरित उर्जा ऋणपत्र ६%-२०८८/८९" को सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना**

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको ७ वर्ष अवधि तथा वार्षिक ६ प्रतिशत ब्याजदर भएको '**निफ्रा हरित उर्जा ऋणपत्र ६%-२०८८/८९**' नामक प्रति ऋणपत्र अंकित मुल्य रु.१,०००/- दरको ५०,००,००० कित्ताले हुन आउने रकम रु.५ अर्ब बराबरको ऋणपत्र मध्ये ६० प्रतिशत अर्थात ३०,००,००० कित्ताले हुन आउने रकम रु.३ अर्ब ऋणपुँजी व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ४० प्रतिशत अर्थात २०,००,००० कित्ताले हुन आउने रकम रु.२ अर्ब ऋणपुँजी मध्ये सामुहिक लगानी कोषका लागि छुट्याई बाँडफाँड गरेको १,००,००० कित्ताले हुन आउने रु. १० करोड बाहेक बाँकी रकम सर्वसाधारण नेपालीहरुको लागि **आज मिति २०८२ जेठ १८ गते आइतबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गर्दछौं ।

**आवेदन दिनुपर्ने न्यूनतम ऋणपत्र संख्याः २५ कित्ता | आवेदन दिन पाउने अधिकतम ऋणपत्र संख्याः १०,००,००० कित्ता**

**दरखास्त साथ प्रति ऋणपत्र अंकित मूल्य रु. १,०००/- दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको**

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम हद लागू हुने छैन ।**

| क्र.सं | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेवसाइटः www.nimbacecapital.com |
| २. | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर, काठमाडौं र वेबसाइट : www.nifrabank.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np |
| **क्र.सं** | **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान** |
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |
| २. | व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा विक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरी आपसी सहमतीमा वितरण गरिने छ । |

| | |
|---|---|
| ऋणपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) | २०८२/०२/२१ गते (बैंकिङ्ग समय पश्चात्) |
| ऋणपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) | २०८२/०३/०१ गते (बैंकिङ्ग समय पश्चात्) |

**लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ जेठ ०८ गते**को "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेवसाइटः www.nifrabank.com वा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nimbacecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
**पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल**
**फोन नं.: +९७७-१-४५२५२८०, ४००५०८०**
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

**नेपाल सरकार**
**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सूपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८२।०२।१८)**

यस डिभिजनको मिति २०८२/०१/०४ को राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं. १७/२०८१/०८२ को बोलपत्र आव्हान सूचना अनूसार तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bidding मार्फत दर्ता भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१(ज) को उपनियम ७ बमोजिम न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानूसार बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको ५ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कबोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/337011384/081/82/069 | Maintenance works on Kalanki Dhungeadda Tinthana Road Section (towards Nagdhunga) of Tribhuwan Rajpath (NH-41) | Om Satya Sai Construction Pvt.Ltd. | 19,77,82,147.49 |

**डिभिजन प्रमूख**

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८२ साल जेठ महिना १८ गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय कुस्माबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : महिला उद्यमशिलता आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **सक्षम किराना सप्लायर्स** सञ्चालकको नाम : सम्झना शर्मा पौडेल प्र.प.नं. : १७२८
दर्ता गर्ने कार्यालय : नगर कार्यपालिकाको कार्यालय, कुस्मा पर्वत, गण्डकी प्रदेश दर्ता मिति : २०७८/०४/२८
रजिष्टर्ड ठेगाना : पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६१६३४५७८०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

४) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

५) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

६) चन्द्र दत्त अधिकारीको छोरी गंगादत्त शर्माको बुहारी रामु शर्माको पत्नी पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **कल्पना शर्मा** (ना.प्र.नं. : ४३६०६ जारी मिति र जिल्ला : २०६०/११/०३, पर्वत)

**ख) कर्जा शिर्षक : व्याक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) चन्द्र दत्त अधिकारी को छोरी गंगादत्त शर्मा को बुहारी रामु शर्मा को पत्नी पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **कल्पना शर्मा** (ना.प्र.नं. : ४३६०६ जारी मिति र जिल्ला : २०६०/११/०३, पर्वत)

४) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

५) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

**ग) कर्जा शिर्षक : व्याक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रविवाल उपाध्यायको नाति छविलाल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिलाल उपाध्याय** (ना.प्र.नं. : ७२२४ जारी मिति र जिल्ला : २०४३/१२/३०, पर्वत)

२) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

३) टेक नाथ सुवेदीको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी रेश्मीराज पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **करुणा पौडेल** (ना.प्र.नं. : ५१-०१-७४-०२४६० जारी मिति र जिल्ला : २०७४/०७/०७, पर्वत)

४) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**घ) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **हरिशरण पौडेल** (ना.प्र.नं. : ५११०५०/६८८ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल उपाध्यायको नाति हरिलाल पौडेल उपाध्यायको छोरा पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. १ हाल, कुश्मा न.पा. वडा नं. ७ बस्ने **रेश्मीराज पौडेल** (ना.प्र.नं. : ५११०५०/६८९ जारी मिति र जिल्ला : २०६७/०६/०३, पर्वत)

२) ऋषि प्रसाद पाध्पाको छोरी हरिलाल पौडेल उपाध्यायको बुहारी हरिशरण पौडेलको पत्नी पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ७ बस्ने **सम्झना शर्मा पौडेल** (ना.प्र.नं. : ५१-०१-७५-००३०८ जारी मिति र जिल्ला : २०७५/०२/०१, पर्वत)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८०/०६/१८ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०५/१७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३) मिति २०८१/०९/०७ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| हरिलाल उपाध्याय | पर्वत जिल्ला शिवालय वडा नं. १ | १ | ९१५ | २४४.४० |
| | | | ५९० | ९५.३७ |
| | | | ५९१ | ३९.७४ |
| | | | ५६८ | २१४.५९ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०२/२४ गते शनिबार भित्र यस बैंकको शाखा कार्यालय कुस्मा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२५ गते आइतबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय कुस्मामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**